मिति: २०८३/०५/१७ (बुधबार)

बैठक संख्या: ७९ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहानः ११.०० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७९ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | नि. प्रमुख प्रशासकीय अधिकृत | मनोजसिंह बोहरा | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमानसिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको कार्यालय
लमजुङ, गण्डकी प्रदेश, नेपाल

**नगर कार्यपालिकाको मिति २०८३/०५/१७ गतेको बैठकका प्रस्तावहरु:**

१. विशेष शोक प्रस्ताव सम्बन्धमा ।
२. बाढी पीडित राहत सहयोग सम्बन्धमा ।
   - नगरपालिका/जनप्रतिनिधि/कर्मचारी/शिक्षक
३. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा।
४. औषधी तथा सर्जिकल सामाग्रीहरुको दररेट सम्बन्धमा ।
५. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्बन्धमा ।
   - कार्यविधि स्वीकृत गर्ने/कार्यक्रमलाई निरन्तरता दिने
६. कार्यविधि संशोधन सम्बन्धमा ।
   - मध्यम अपाङ्गता भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९
   - एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९
७. सीपमूलक कार्यक्रमको सूचना प्रकाशन सम्बन्धमा ।
८. बालमैत्री/पोषणमैत्री स्थानीय शासनयुक्त वडा घोषणा सम्बन्धमा ।
९. राजश्व परापर्श समितिका निर्णयहरु सम्बन्धमा ।
१०. फुटकर आयोजना/कार्यक्रम सम्बन्धमा ।
११. जग्गा बर्गिकरण संशोधन सम्बन्धमा ।
१२. विविध
   - समिक्षा प्रतिवेदन पुस्तक प्रकाशन सम्बन्धमा ।
   - सेनेटरी ल्याण्डफिल्ड साइटको खर्च व्यवस्थापन सम्बन्धमा ।
   - प्राविधिक समिति गठन सम्बन्धमा

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : विशेष शोक प्रस्ताव सम्बन्धमा ।**

मिति २०८३ भदौ १० गते विहान रसुवाको भोटेकोशी-त्रिशुली नदिमा अकस्मात आएको भीषण बाढीबाट अकल्पनीय रुपमा जनधनको क्षति हुन गई सिङ्गो राष्ट्र नै शोकमा डुबेको यस दुःखद घडिमा बेसीशहर नगरपालिका पनि स्तब्ध र मर्माहत भएको हुँदा प्राकृतिक विपत्तिका कारण ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामनाका साथै बाढीमा परी हालसम्म हराइरहेका सबैको खोज-उद्धार कार्यलाई वाह्य सहयोग समेत परिचालन गरी थप प्रभावकारी बनाउन र बाढीबाट पीडित एवम् प्रभावितहरुको जीवन रक्षाको लागि उद्धार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य विशेष प्राथमिकताका साथ सञ्चालन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

सुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०५/१७ को बैठक

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

**निर्णय नं.२ : बाढी पीडित राहत सहयोग सम्बन्धमा ।**

रसुवाको भोटेकोशी-त्रिशुली नदिमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट तथा धादिङ जिल्लाका तटिय क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुग्न गएको हुँदा बाढीबाट पीडित तथा प्रभावितहरुको खोज, उद्धार, राहत, अस्थायी बसोबासको व्यवस्था, पुनर्स्थापना जस्ता विपद् पश्चात तत्काल गर्नुपर्ने प्रतिकार्य सम्बन्धी कार्यमा सहयोग पुगोस् भन्ने हेतुले बेसीशहर नगरपालिकाबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा देहाय अनुसार राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**देहायः**

क. बेसीशहर नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. ५,००,०००/- (पाँच लाख)

ख. नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुको आधा महिनाको पारिश्रमिक वापतको रकम ।

ग. नगरपालिका र अन्तर्गतका सबै कर्मचारीहरुको संघीय निकायबाट तोकिए वमोजिमको रकम ।

**निर्णय नं.३ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा।**

मिति २०८३/०४/०९ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.४ : औषधी तथा सर्जिकल सामाग्रीहरुको दररेट सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८३/८४ का लागि स्वास्थ्य सेवातर्फ खरिद गर्नुपर्ने आवश्यक औषधी, औषधीजन्य मालसामान तथा सर्जिकल सामाग्रीहरुको दररेट निर्धारण गर्ने सम्बन्धमा विभिन्न फर्म तथा आपूर्तिकर्ताहरुबाट दररेट माग गरी प्राप्त दररेटहरुको अध्ययन तथा तुलनात्मक विश्लेषण गरी प्राप्त दररेटहरुको औषत दररेटलाई आधार मानी तयार गरिएको दररेटलाई स्वीकृत गरी सोही वमोजिम चालु आ.व. २०८३/८४ को औषधी तथा सर्जिकल सामाग्रीहरुको खरिद सम्बन्धी कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नंः ५ः सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्बन्धमा ।**

(क) वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने सन्दर्भमा स्थानीय सरकारको कार्य जिम्मेवारी व्यवस्थित रुपमा सम्पादन गर्ने उद्देश्यले तयार गरी विधायन समितिबाट सिफारिस भई आएको "बेसीशहर नगरपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि,२०८३" स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) बेसीशहर नगरपालिकाले हाल सञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवालाई एकीकृत गरी रोजगार, सीप तथा उद्यमशीलता केन्द्र मातहत र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, विपद लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने, उक्त सेवा प्रवाहमा खटिने कर्मचारीहरुले कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखा प्रमुखहरुलाई मासिक रुपमा पेस गर्ने तथा सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा र यस नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा कम्तिमा त्रैमासिक रुपमा हुने व्यवस्था गर्ने साथै, हाल संघीय सरकार, गण्डकी प्रदेश सरकार र यस नगरपालिकाको लागत साझेदारीमा भैरहेको सेवा प्रवाहलाइ संस्थागत रुपमा निरन्तर सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नंः ६ः कार्यविधि संशोधन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको गत नगरसभाबाट स्वीकृत आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेटमा साविकदेखि प्रदान गर्दै आइएको ६० वर्ष माथिका एकल पुरुष र मध्यम अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता मासिक रु. ५००/- बाट बृद्धि गरी मासिक रु. १०००/- पुर्याइएको हुँदा उक्त नीति, कार्यक्रम तथा

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०५/१७ को बैठक

बजेट कार्यान्वयन गर्ने सन्दर्भमा बेसीशहर नगरपालिका एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९ र बेसीशहर नगरपालिका मध्यम अपाङ्गता भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९ मा संशोधन गर्नुपर्ने भई उपरोक्त दुवै कार्यविधिमा देहायका विषयहरु उल्लेख गरी गरिएको संशोधनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**देहायः**

क) लक्षित व्यक्तिले मासिक रु. ५००/- (पाँच सय) को सट्टा मासिक रु. १०००/- (एक हजार) का दरले सामाजिक सुरक्षा भत्ता पाउने ।

ख) सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा उपलब्ध गराउने ।

ग) भत्ता परिचय पत्र नविकरण सम्बन्धी व्यवस्था अनुसूचीमा उल्लेख भए वमोजिमम हुने ।

**निर्णय नं: ७: सीपमूलक कार्यक्रमको सूचना प्रकाशन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८३/८४ को स्वीकृत कार्यक्रम अन्तर्गत युवालक्षित सीपमूलक तालिम सञ्चालन कार्यक्रमतर्फ विनियोजित बजेटबाट देहायको सीपमुलक तालिम सञ्चालन गर्ने र सो को लागि तालिम लिन ईच्छुक व्यक्तिहरुबाट १५ दिनको म्याद राखी निवेदन दिन सूचना प्रकाशन, छनौट तथा तालिम सञ्चालन लगायतका कार्यहरु अगाडी बढाउने निर्णय गरियो।

**देहायः**

(क) हलुका सवारी चालक (ड्राइभिङ) तालिम, ३० दिने (४० जना)

**निर्णय नं: ८: बालमैत्री/पोषणमैत्री स्थानीय शासनयुक्त वडा घोषणा सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरिरहेको बेसीशहर नगरपालिकाका हालसम्म कुल ८ वटा वडाहरु (वडा नं १,२,३,४,५,६,१० र ११) बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा भैसकेको हुँदा बाँकी रहेका ७, ८ र ९ नं वडाहरुमा नेपाल सरकारको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७८ तथा पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ र पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० मा व्यवस्था भएका सूचक तथा चरणहरु पुरा गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने र उक्त वडाहरुलाई बालमैत्री/पोषणमैत्री वडा घोषणाको तहमा पुर्याउने निर्णय गरियो ।

**निर्णय नं: ९: राजश्व परापर्श समितिका निर्णयहरु सम्बन्धमा ।**

बेसीशहर नगर कार्यपालिका अन्तर्गत राजश्व परामर्श समितिको मिति २०८३/०४/२२ र २०८३/०५/०५ का बैठकका निर्णयहरु यस कार्यपालिका बैठकमा प्रस्तुत हुनको साथै समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं: १०: आयोजना कार्यक्रम ब्रेकडाउन, संशोधन तथा परिमार्जन सम्बन्धमा ।**

चालु आ.व. २०८३/८४ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम ब्रेकडाउन, संशोधन तथा परिमार्जन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**देहायः**

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.विपद् व्यवस्थापन, बेनपा-३, खर्च शिर्षक नं २७२१२ | १ लाख | १.सडक हेरालु पारिश्रमिक, बेनपा-३(रानीकुवा-गाउँशहर मूल सडक सफाईको लागि) | १ लाख | ३ नं वडा कार्यालयको |

मान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०५/१७ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| २.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३, खर्च शिर्षक नं २२७११ | ४ लाख २४ हजार | २.१ इकाई प्रहरी चौकी गाउँशहरको मोटरसाइकल मर्मत तथा ईन्धन व्यवस्थापन, बेनपा- ३ | २५ हजार | च.नं.१६९, मिति २०८३/०५/१६ को पत्र समेतका आधारमा |
| | | २.२ नवनिर्मित वडा कार्यालय भवनमा शिलालेख र बोर्ड निर्माण, बेनपा-३ | १५ हजार | |
| ३.विविध खर्च तथा कार्यक्रम, बेनपा-५, खर्च शिर्षक नं २२७११ | २ लाख ७७ हजार | ३.१ कर्मचारीहरुलाई झोला र छाता खरिद, बेनपा-५ | २० हजार | ५ नं वडा कार्यालयको च.नं.६९, मिति २०८३/०५/१५ को पत्र समेतका आधारमा |
| | | ३.२ अफसि टेवल तथा कुर्ची खरिद, बेनपा-५ | ३६ हजार | |
| | | ३.३सम्पर्क कार्यालय, बाख्रेजगतको लागि कलर प्रिन्टर खरिद, बेनपा-५ | ३० हजार | |
| | | ३.४ वडा भित्रका मोटरबाटो मर्मत, बेनपा-५ | ६५ हजार | |
| ४. वडा फुटकर कार्यक्रम, बेनपा-६, खर्च शिर्षक नं २२७११ | १ लाख ११ हजार | ४.सेरा खानेपानी ट्याङ्की निर्माण, बेनपा-६ | २५ हजार | ६ नं वडा कार्यालयको च.नं.१०२, मिति २०८३/०५/१७ को पत्र समेतका आधारमा |
| ५.प्रकृति नारी समाज भवन स्तरोन्नति, बेनपा-८, खर्च शिर्षक नं ३११६१ (नगरस्तरीय) | १ लाख ५० हजार | ५.श्री प्रकृति नारी समाज आवश्यक सामाग्री खरिद, बेनपा-८ | १ लाख ५० हजार | ८ नं वडा कार्यालयको च.नं.१८५, मिति २०८३/०५/१६ को पत्र समेतका आधारमा |
| ६.सेरा तमु गुरुङ कल्याण समिति भवन स्तरोन्नति, बेनपा-८ खर्च शिर्षक नं ३१११२ (सूत्र प्रविष्टी अनुसार) नगरस्तरीय | ५ लाख | ६. तमु गुरुङ कल्याण समिति भवन स्तरोन्नति, बेनपा-८ (रातो किताव अनुसार) | ५ लाख | |
| ७.विविध/फुटकर खर्च, बेनपा-८, खर्च शिर्षक नं २२७११ | ४ लाख १७ हजार | ७.१ नेपाल कपडा तथा सिलाई व्यवसायी संघ, राष्ट्रिय महिला उधमी समिति लमजुङलाई विविध खर्च सहयोग, | १० हजार | |
| | | ७.२ विउविजन खरिद तथा वितरण कार्यक्रम, बेनपा-८ | ७० हजार | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०५/१७ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ८.बगैचा आमा समूह भवन छाना निर्माण, बेनपा-८, खर्च शिर्षक नं ३११६१ (नगरस्तरीय) | १ लाख | ९.दिपज्योती आमा समुह भवन स्तरोन्नति, बेनपा-८ | १ लाख | |
| ९.ग्रामीण पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु, खर्च शिर्षक नं २२५२२ | ५ लाख | ९.प्रथम टुर दी लमजुङ २०२६ कार्यक्रम सहयोग ( लमजुङ साइक्लिङ संघ) | २ लाख | लमजुङ साईक्लिङ संघको मिति २०८३/०४/११ को पत्र/प्रस्तावना समेतका आधारमा |

**निर्णय नं: ११: जग्गा बर्गिकरण संशोधन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको भू उपयोग क्षेत्र बर्गिकरण सम्बन्धी प्रतिवेदन, २०८२ उपर संशोधनको लागि प्राप्त हुने निवेदनहरुलाई कसरी छिटो छरितो फछ्यौंट गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफल भयो साथै जग्गाधनीहरुलाई प्रतिवेदन अध्ययन गर्न लगाई आफ्नो जग्गाको सुक्रीबिक्री लगायतको कारोबार तथा नयाँ उपयोग प्रक्रिया शुरु गर्नु अघि नै संशोधन गर्नुपर्ने कारण सहित निवेदन दिन वडा कार्यालय मार्फत सुसूचित गराउने निर्णय गरियो ।

**निर्णय नं: १२: समिक्षा प्रतिवेदन पुस्तक प्रकाशन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको गत आ.व. २०८२/८३ को बार्षिक प्रगति समिक्षा गोष्ठी मिति २०८३ साउन १८ र १९ गते सम्पन्न भै सकेको हुँदा समिक्षा गोष्ठीमा प्रस्तुत भएका प्रतिवेदनहरुलाई समेटी प्रगति समिक्षा पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं: १३: सेनेटरी ल्याण्डफिल्ड साइटको खर्च व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर-८ स्थित सेनेटरी ल्याण्डफिल्ड साइटलाई दुर्गन्ध रहित बनाउने सन्दर्भमा जम्मा भएको फोहरमैलालाई माथिबाट पुर्नको लागि गत कार्यपालिका बैठकबाट निर्णय भई कार्य भैरहेको सन्दर्भमा उक्त कार्यको लागि विपद् व्यवस्थापन कोषबाट रु. १०,००,०००/- (दश लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं: १४: प्राविधिक समिति गठन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको फोहरमैला प्रशोधन केन्द्र र ७ नं वडा कार्यालयको भवन निर्माणको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धमा प्रकाशित सूचना अनुसार निवेदन पर्न आएका जग्गाहरुको उपयुक्तता र सम्भाव्यता अध्ययन गरी सिफारिस गर्नको लागि देहाय वमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय:**

(क) श्री हरिश्चन्द्र बस्नेत, सिनियर सब-ईन्जिनियर, बेसीशहर नगरपालिका
(ख) श्री पासाङ जिरेल, सिनियर सब-ईन्जिनियर, बेसीशहर नगरपालिका
(ग) मोहन लम्साल, बरिष्ठ प्रशासन सहायक, जिन्सी शाखा, बेसीशहर नगरपालिका
(घ) श्री विदुर न्यौपाने, सर्वेक्षक, बेसीशहर नगरपालिका
(ङ) श्री रेशम घिमिरे, कम्प्युटर अपरेटर, प्रशासन शाखा, बेसीशहर नगरपालिका

गुमान सिंह अर्याल
नगर प्रमुख